# शिखर इन्स्योरेन्स कम्पनी लि.

१७औं तथा १८औं

वार्षिक साधारण सभा

को

निर्णय

शिखर बिज सेन्टर, थापाथली, काठमाडौं, नेपाल ।

फोन नं. ५३४६१०१, ५३४६१०२

पोष्ट बक्स नं. १०६९२,

आदरणीय शेयरधनी महानुभावहरु,

**विषय : १७औं तथा १८औं वार्षिक साधारण सभाको निर्णय**

२०७९ माघ २५ गतेका दिन कम्पनीको केन्द्रिय कार्यालय, शिखर बिज सेन्टर, थापाथलीमा बसेको यस कम्पनीको १७औं तथा १८औं वार्षिक साधारण सभाबाट पारित निर्णय यहाँको जानकारीको लागि पठाएको छु ।

आज्ञाले,

कम्पनी सचिव

शिखर इन्स्योरेन्स कम्पनी लि.

१७औं तथा १८औं वार्षिक साधारण सभाको

निर्णय विवरण

**१. वैधानिक सभा :**

शिखर इन्स्योरेन्स कम्पनी लिमिटेडको १७औं तथा १८औं वार्षिक साधारण सभा कम्पनीको संचालक समितिका अध्यक्ष श्री राजेन्द्र प्रसाद श्रेष्ठज्यूको सभापतित्वमा कम्पनीको केन्द्रिय कार्यालय भवन, शिखर बिज सेन्टर, थापाथलीमा मिति २०७९ माघ २५ गते बुधबार विहान ११:०० बजे प्रारम्भ भई दिउँसो २:३० बजे सम्पन्न भयो ।

**२. सूचना प्रकाशन :**

सभा हुने मिति, स्थान, समय र छलफल गर्ने प्रस्तावहरु शेयरधनी महानुभावहरुको जानकारीको लागि मिति २०७९ माघ २५ गते अगावै संचालक समितिको वार्षिक प्रतिवेदन, आ.व. २०७७/०७८ तथा आ.व.२०७८।७९ को लेखापरीक्षण प्रतिवेदन सहितको वित्तीय विवरणहरु शेयरधनी महानुभावहरुले कम्पनीमा उपलब्ध गराउनु भएको ठेगानामा पठाइएको तथा कम्पनीको वेबसाइटमा समेत शेयरधनी महानुभावहरुको जानकारीको लागि उपलब्ध गराइएको र संक्षिप्त आर्थिक विवरण सहित साधारण सभाको सुचना मिति २०७९ माघ ४ गते र २०७९ माघ १६ गते नागरिक राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरी जानकारी गराइएको थियो ।

**३. (क) संचालकहरुको उपस्थिति :**

| | |
|---|---|
| १. श्री राजेन्द्र प्रसाद श्रेष्ठ | अध्यक्ष |
| २. श्री रमेश कुमार लुईंटेल | संचालक |
| ३. श्री सौरभ ज.ब.राणा | संचालक |
| ४. डा. श्रुजना श्रेष्ठ | संचालक |
| ५. श्री दिनेश बज्र बज्राचार्य | संचालक |
| ६. श्री स्कन्द अमात्य | संचालक |
| ७. श्री इन्द्र प्रसाद कर्माचार्य | स्वतन्त्र संचालक |

शिखर इन्स्योरेन्स कं. लि. * काठमाडौं *

**(ख) पर्यवेक्षक :**

१. श्री अर्जुन खड्का, कम्पनी रजिष्ट्रारको कार्यालय

२. श्री नविन भट्टराई, कम्पनी रजिष्ट्रारको कार्यालय

## ४. छलफलका विषयहरुको सूची :

**छलफलका विषयहरु:**

### १ सामान्य प्रस्ताव

१.१ आ.व.२०७७।७८ तथा आ.व.२०७८।७९ को संचालक समितिको बार्षिक प्रतिवेदन उपर छलफल गरी सोलाई पारित गर्ने बारे ।

१.२ आ.व. २०७७।७८ र आ.व.२०७८।७९ को लेखापरीक्षण प्रतिवेदन सहितको वित्तीय विवरणहरु उपर छलफल गरी सो लाई पारित गर्ने बारे ।

१.३ आ.व.२०७९।८० का लागि लेखापरीक्षकको नियुक्ति गर्ने तथा पारिश्रमिक तोक्ने बारे । आ.व.२०७८।७९ को लेखापरीक्षकको नियुक्ति अनुमोदन गर्ने बारे ।

१.४ संचालक समितिवाट प्रस्ताव गरिएको २०७९ आषाढ मसान्त सम्म कायम शेयर पुँजीमा ०.८४२१ प्रतिशतका दरले नगद लाभांश रु.१९,२५१,०९० (रु.एक करोड बयानब्बे लाख एकाउन्न हजार नब्बे मात्र) पारित गर्ने बारे (प्रस्तावित वोनस शेयरको कर प्रायोजनार्थ)

१.५ कम्पनीको स्वतन्त्र संचालकको नियुक्ति बारेमा बीमा ऐन २०७९ बमोजिम साधारण सभामा जानकारी गर्ने बारे ।

१.६ कम्पनीको संचालक समितिका सदस्यहरु तथा अन्य समिति/उपसमितिका सदस्यहरुले प्राप्त गर्ने भत्ता तथा सुविधा परिमार्जन गर्ने बारे ।

१.७ विविध

### २ विशेष प्रस्ताव

२.१ सञ्चालक समितिबाट प्रस्ताव गरिएको २०७९ आषाढ मसान्त सम्म कायम शेयर पुँजीमा १६ प्रतिशतका दरले रु.३६५,७७२,९९२ (छत्तीस करोड सन्ताउन्न लाख बहत्तर हजार नौ सय बयानब्बे मात्र) को बोनस शेयर पारित गर्ने बारे । (बोनस शेयर बितरण गर्दा खण्डित शेयरको हकमा माथिल्लो नजिकको अंकमा परिणत गर्ने र सो गर्दा शेयर स्वामित्व (पुँजी प्रतिशत) कायम राख्ने गरी जारी पुँजी तथा चुक्ता पुँजी संसोधन गर्ने । यसरी शेयर संख्या थपघट गर्ने अधिकार संचालक समितिलाई प्रदान गर्ने बारे।)

२.२ कम्पनीबाट गरिएको चन्दा तथा सामाजिक उत्तरदायित्व अन्तर्गतका खर्चहरु अनुमोदन गर्ने वारे ।

२.३ कम्पनीको नियमावलीको नियम १२(ख), संचालकहरुको नियुक्ति सम्बन्धि नियमलाई संशोधन गर्ने बारे । ( संस्थापक शेयरधनीहरुबाट नियुक्त हुने ४ जना, सर्वसाधारण शेयरधनीहरुबाट नियुक्त हुने २ जना र स्वतन्त्र संचालक १ जना गरी जम्मा ७ जना संचालक नियुक्त हुने सम्बन्धि नियमलाई संसोधन गरी संस्थापक शेयरधनीहरुबाट नियुक्त हुने ३ जना, सर्वसाधारण शेयरधनीहरुबाट नियुक्त हुने ३ जना र स्वतन्त्र संचालक १ जना गरी जम्मा ७ जना संचालक नियुक्त हुने गरी नियम १२(ख) संसोधन गर्ने) ।

२.४ नियमनकारी निकाय श्री नेपाल बीमा प्राधिकरणबाट जारी भएको बीमक गाभ्ने, गाभिने तथा प्राप्ति गर्ने सम्बन्धी निर्देशिका बमोजिम यस कम्पनी र अन्य कुनै बीमा कम्पनी एक आपसमा गाभ्ने/गाभिने वा प्राप्ति गर्ने सन्दर्भमा समझदारी पत्र (Memorandum of Understanding) तर्जुमा गर्ने, अन्य प्रक्रिया पुरा गरी सोमा हस्ताक्षर गर्ने, सम्पुर्ण चलअचल सम्पत्ति र दायित्व मूल्याङ्कन गर्न मान्यता प्राप्त मूल्याङ्कनकर्ता लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक तोक्ने लागायत मर्ज (गाभ्ने/गाभिने तथा प्राप्ति गर्ने) हुन आवश्यक सम्पुर्ण प्रक्रिया अवलम्बन गर्न संचालक समितिलाई सम्पुर्ण अख्तियारी प्रदान गर्ने बारे ।

प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गर्ने र सो कार्य सम्पन्न गर्न संचालक समितिलाई आवश्यक सम्पूर्ण अधिकार प्रत्यायोजन गर्ने बारे । संसोधित प्रवन्धपत्र तथा नियमावली अभिलेख वा स्वीकृत गर्ने निकायबाट कुनै फेरबदल गर्न निर्देशन प्राप्त भएमा सो अनुसार फेरबदल गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने बारे ।

## ५. सभाको गणपुरक संख्या :

| विवरण | कुल संख्या | उपस्थित संख्या | प्रतिनिधित्व प्रतिशत(%) |
|---|---|---|---|
| शेयरधनी संख्या | ३४१७५ | ६४८ | १.८९ |
| शेयर संख्या | २२,८६०,८१२ | १३,४९१,५३७ | ५९.०१६ |

## ६. सभाको वैधानिकता र अध्यक्षता :

साधारण सभाको कार्यवाही शुरु हुनु अघि कम्पनी सचिव श्री सुरज राजवाहकले उपस्थित शेयरधनी महानुभावहरुलाई स्वागत गर्नु हुँदै कम्पनी ऐन, २०६३ दफा ७३ तथा कम्पनीको नियमावली बमोजिम प्रक्रिया पुरा गरी सभा बोलाइएको र यो सभा संचालन गर्न आवश्यक गणपुरक संख्या पुरा भै सभाको वैधानिकता कायम भएको घोषणा गर्नु हुँदै संचालक समितिका अध्यक्ष श्री राजेन्द्र प्रसाद श्रेष्ठज्यूलाई सभाको सभापतित्व ग्रहण गरी सभा संचालनको लागि आग्रह गर्नुभयो ।

**७. सभाको संचालन तथा प्रतिवेदन प्रस्तुती :**

कम्पनीको १७ औं तथा १८ औं वार्षिक साधारण सभामा उपस्थित शेयरधनी महानुभावहरु तथा आमन्त्रित महानुभावहरुलाई अध्यक्ष श्री राजेन्द्र प्रसाद श्रेष्ठले स्वागत गर्नुभयो । कम्पनीका अध्यक्ष श्री राजेन्द्र प्रसाद श्रेष्ठज्यूले आफ्नो संक्षिप्त मन्तव्य सहित कम्पनीको वर्तमान अवस्था तथा उपलब्धिहरुको साथै कम्पनीको भावी योजनाहरु बारेमा संक्षिप्त जानकारी प्रदान गर्नुभयो ।

साधारण सभाको सुरुवातमा कम्पनीको विगतका वर्षहरुको कार्य प्रगतिको समिक्षा तथा आउँदा दिनहरुको योजनाहरुको सम्बन्धमा शेयरधनी महानुभावहरुलाई जानकारी दिनको लागि कम्पनीका प्रमुख कार्यकारी अधिकृतलाई अध्यक्षज्यूले अनुरोध गर्नुभयो ।

कम्पनीको कार्यप्रगति सम्बन्धि विवरण तथा कम्पनीको विभिन्न योजनाहरु सम्बन्धमा प्रमुख कार्यकारी अधिकृत श्री दिप प्रकाश पाण्डेले निम्नानुसारको जानकारी सभामा प्रस्तुत गर्नु भयो -

- प्रमुख कार्यकारी अधिकृतबाट कम्पनीको संक्षिप्त परिचय तथा कम्पनीले नेपालको बीमा क्षेत्रमा प्रदान गरेको योगदानको बारे जानकारी गर्नभयो । प्रमुख कार्यकारी अधिकृतबाट सर्वप्रथम कम्पनीको वार्षिक साधारण सभा सम्पन्न गर्नमा भएको ढिलाईका कारणहरु सम्बन्धमा शेयरधनी महानुभावहरुमा जानकारी गराउनुभयो तथा सो बाट शेयरधनी महानुभावहरुमा परेको असुविधाको लागि क्षमा माग्नुभयो ।
- विगत आर्थिक वर्षहरुमा कम्पनीले सामना गर्नुपरेको चुनौतीहरु तथा सो को कारण कम्पनीको व्यवसायमा परेको असरका बारेमा जानकारी गराउनु भयो ।
- कम्पनीको विगत आर्थिक वर्षहरुमा बीमा शुल्क आम्दानी, बीमा लेख संख्या, नेट वर्थ, लगानी, दाबी भुक्तानी, शाखा संख्या तथा समग्र वित्तीय अवस्थाको बारेमा सभामा जानकारी गराउनुभयो ।
- कम्पनीको विगत आर्थिक वर्षहरुमा खुद नाफामा आएको संकुचनका कारणहरु बारेमा सभामा जानकारी गराउनुभयो ।
- कम्पनीले नेपालमा कृषि बीमाको विस्तार तथा कृषि बीमादाबी भुक्तानीमा पुऱ्याएको योगदानको कदरस्वरुप नेपाल सरकारबाट उत्कृष्ट बीमा कम्पनीको पुरस्कारबाट सम्मानित गरेको तथा अन्य सम्मान तथा पुरस्कारहरुको बारेमा सभामा जानकारी गराउनुभयो ।
- कम्पनीको सबल पक्ष, चुनौतीहरु तथा अवसरका बारेमा सभामा जानकारी गराउनुभयो ।
- नेपालको बीमा क्षेत्रमा नयाँ विकासक्रम तथा नयाँ चुनौतिहरु तथा कम्पनीको आगामी रणनीति तथा योजनाहरुका सम्बन्धमा सभामा जानकारी गराउनुभयो ।
- कम्पनीका विद्यमान अवसर तथा चुनौतीहरु सम्बन्धमा विस्तृत जानकारी गराउनुभई कम्पनीको थप व्यवसायिक विकासको लागि अवलम्बन गरिने योजनाहरुका सम्बन्धमा सभामा जानकारी गराउनुभयो ।
- कम्पनीको व्यवस्थापन खर्च अन्तर्गतको विभिन्न शिर्षकहरुमा भएको वृद्धिको बारेमा सभामा जानकारी गराउनुभयो ।
- कम्पनीले गरेका चन्दा तथा सामाजिक उत्तरदायित्व अन्तर्गतका खर्चहरु सम्बन्धमा जानकारी गराउनुभयो ।

शिखर इन्स्योरेन्स कं. लि. * काठमाडौं *

- चुक्ता पुँजी प्रयोजनको लागि मात्र कम्पनी अन्य कम्पनी संग मर्जरमा जान आवश्यक नभएको भएतापनि आगामी दिनहरुमा रणनैतिक लाभको अवसर प्राप्त भएमा तथा मर्जरमा जाँदा अन्य लाभ प्राप्त हुने देखिएमा मर्जर सम्बन्धि आवश्यक निर्णय गर्नका लागि साधारण सभामा मर्जरको समेत प्रस्ताव समावेस गरिएको बारे सभामा जानकारी गराउनुभयो ।
- शेयरधनी महानुभावहरुबाट विगत साधारण सभामा प्राप्त भएको सल्लाह तथा सुझावहरुको कार्यान्वयनका बारेमा जानकारी गराउनुभयो

**८. छलफलको लागि आह्वान :**

सभाका सभापतिज्यूले आ.व.२०७७।०७८ तथा आ.व.२०७८।७९ को संचालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको वित्तीय विवरणहरु तथा विविध पक्षहरु उपर प्रश्न जिज्ञासा, प्रतिक्रिया, मन्तब्य एवं सुझाव दिनको लागि शेयरधनी महानुभावहरुलाई आह्वान गर्नुभएपछि निम्न बमोजिमका शेयरधनी महानुभावहरुले आ-आफ्नो राय सुझाव एवं प्रश्नहरु सभामा प्रस्तुत गर्नुभयो ।

**साधारण सभामा निम्न शेयरधनी महानुभावहरुबाट आफ्ना जिज्ञासा तथा सुझावहरु पेश गर्नुभयो ।**

क. श्री ब्रम्हदेव शाक्य
ख. श्री सुदिप श्रेष्ठ
ग. श्री उद्धव प्रसाद घिमिरे
घ. श्री कुबेर श्रेष्ठ
ङ. श्री चन्द्र नारायण श्रेष्ठ
च. श्री सत्रुघन श्रेष्ठ
छ. श्री गुणराज भट्ट
ज. श्री रोजकुमार श्रेष्ठ
झ. श्री डमरु बल्लब घिमिरे
ञ. श्री शिव पौडेल
ट. श्री लवराज जोशी
ठ. श्री गोगन बहादुर पराजुली
ड. श्री नरसिंह लाल चंखु
ण. श्री ध्रुवराज न्यौपाने
त. श्री दिपक प्रधान

**शेयरधनी महानुभावहरु प्रस्तुत जिज्ञासा तथा सुझाव**

**क. श्री ब्रम्हदेव शाक्य**

बीमा ऐन २०७९ जारी हुनु पुर्वका प्रावधानहरुले गर्दा प्राय बीमा कम्पनीहरुलाई समयमै साधारण सभा बोलाउन कठिनाई परेकोले यस कम्पनी पनि १७ औं तथा १८ औं वार्षिक साधारण सभा एकैपटक

बोलाईएको भनि आफूलाई लागेको कुरा व्यक्त गनुभयो । आगामी दिनमा समयमै साधारणसभा सम्पन्न हुनेमा विश्वास व्यक्त गर्नुभयो । कम्पनीले १६ प्रतिशत बोनस शेयर दिन प्रस्ताब गरेकोमा सधन्यवाद समर्थन गर्दै श्री नेपाल बीमा प्राधिकरणको निर्देशन बमोजिम २०७९ चैत्र मसान्तभित्र २ अरब ५० करोड पूँजी पुऱ्याउन सफल भएकोमा कम्पनीको कार्य कुशलता र असल ब्यबस्थापनको उजागर गरेको कुरा औल्याउनु भयो । यस सभाको विशेष प्रस्तावमा यस कम्पनीको अरु कुनै कम्पनीसँग मर्जर वा एक्युजिसन को कुरा राखिनुमा भविष्यमा कथम्कदाचित्को कुरालाई विशेष ध्यानमा राखि विशेष साधारण सभाको खर्च घटाउन खाजिएको हो भन्ने बुझ्न सकिन्छ जुन सकारात्मक नै रहेको बताउनुभयो । अध्यक्ष ज्यूको मन्तब्य थप उत्साह जगाउने खालको छ भन्दै मन्तब्यमा बीमा मार्फत नेपालको अर्थतन्त्रको विकासको लागि निरन्तर अग्रणी भूमिका खेल्दै आईरहेको र कम्पनीले कर्णालीका साथै अन्य दुर्गम क्षेत्रहरुमा पनि कृषि तथा पशु बीमा सेवा प्रदान गर्दै आएको उल्लेख हुनु स्वागतयोग्य रहेको र प्रमुख कार्यकारी अधिकृतको प्रतिवद्धतामा इमानदारीसाथ तथ्यहरु प्रस्तुत गरिएको तथा कम्पनीले अल्पकालिन भन्दा दीर्घकालिन सोचका साथ कम्पनीलाई मजबुत बनाई शेयर होल्डरहरुलाई प्रतिफलको निरन्तरता दिने कुरामा प्रतिवद्ध रहेको बताउनुभयो । नेपाल सरकारबाट कृषि बीमा तथा कोरोना बीमा बापत प्राप्त हुनुपर्ने रकम नपाएको कुरा उल्लेख हुनु सुखद नभएको कुरा व्यक्त गनुभयो । कम्पनीले विभिन्न पुरस्कार लगायत कृषि बीमा दाबी फछ्र्यौट गर्ने बीमा कम्पनीहरुमा उत्कृष्ट स्थान हासिल गरि हामीलाई गौरवान्वित पार्ने कार्य भएकोमा कृतज्ञता ज्ञापन गर्नुभयो । अन्तमा कम्पनीको प्रगतिको कामना गर्दै, आगामी दिनहरुमा कम्पनीले अझै उन्नति गर्न सकोस् भन्दै यस सभामा राखिएको सम्पूर्ण एजेण्डाहरुमा आफ्नो समर्थन रहेको बताउनुभयो ।

**ख. श्री सुदिप श्रेष्ठ**

यस कम्पनीको संचालक समितिबाट आ.व.२०७७।७८ तथा २०७८।७९ मा विभिन्न आन्तरिक तथा बाह्य परिस्थितीको बाबजुत पनि १६ प्रतिशतको बोनस शेयर प्रस्ताव गर्नुलाई स्वागत योग्य प्रतिफलको रुपमा रहेको बताउनुभयो । यस कम्पनीले विभिन्न प्राकृतिक विपत्तिहरु र कोभिड १९ को दाबी भुक्तानीहरुलाई प्रशंसनिय तबरले व्यवस्थापन गरेको बताउनुभयो । यस कम्पनीले पशुपन्छि तथा कृषि बीमा अन्तर्गत कर्णाली प्रदेशका जिल्लाहरुमा ३५-४० प्रतिशत सम्म बजार हिस्सा ओगट्न सफल भएकोमा खुसी व्यक्त गर्नुभयो । यस वर्षको खुद नाफामा विभिन्न कारणहरुले प्रभाव पारे पनि आगामी वर्षहरुमा नाफामा वृद्धि भई डबल डिजिटको प्रतिफलको आशा रहेको व्यक्त गर्नुभयो । नेपाल सरकारबाट कृषि बीमा तथा कृषि बीमा दाबी फछ्र्यौट गर्ने निर्जीवन बीमा कम्पनीहरुमा उत्कृष्ट स्थान हासिल गरि रु १०,००० पुरस्कार पाएकोमा तथा ICRA नेपालबाट A+ रेटिङ प्राप्त गर्न सफल भएकोमा बधाई ज्ञापन गर्नुभयो । ८.०३ प्रतिशत शेयर स्वामित्व भएर पनि Buddha Air ले आफ्नै कम्पनीमा Aviation Insurance गर्न चासो नदेखाएकोमा स्पष्ट पारिदिनुहुन अध्यक्षज्यूलाई आग्रह गर्नुभयो । अन्त्यमा शिखर इन्स्योरेन्स कम्पनीले कर्मचारीहरुलाई पनि समय समयमा विभिन्न तालिमहरु गोष्ठि, सेमिनारहरु संचालन गरि कर्मचारीहरुको मनोबल विकाशमा विशेष ध्यान दिएको भनि यस कम्पनीको उत्तोरत्तर प्रगतिको कामना गर्दै धन्यवाद व्यक्त गनुभयो ।

**ग. श्री उद्धव प्रसाद घिमिरे**

Balance Sheet को Portfolio size हेर्दा असाध्यै राम्रो रहेको बताउनुभयो । यस सभामा प्रमुख कार्यकारी अधिकृतको प्रस्तुतिमा सबै व्यहोरा छर्लङ्ग पारिसक्नुभएको र पारदर्शिताका साथ सम्पूर्ण विवरण पेश गर्नुभएकोमा धन्यवाद ज्ञापन गर्नुभयो । १६ प्रतिशत बोनस शेयर दिईएकोमा अभिवादन तथा खुसी व्यक्त गर्नुभयो । यसले सर्वसाधारण शेयरधनीका साथै संस्थापक शेयरधनीलाई समेत राम्रो भएको व्यहोरा जानकारी गराउनुभयो । ICAN बाट लागु भएको NFRS system को बारेमा अझै exercise गर्नुपर्ने, शेयरधनीहरुले बुझ्न बाँकी रहेको हुँदा कम्पनी सचिवलाई यस बारे आगामी दिनहरुमा कार्यक्रम राख्नका लागिसुझाब दिनुभयो । म्यानेजमेन्टको खर्च र आम्दानीको अनुपात मिले पनि अन्य ठाउँमा अचल सम्पत्ति किन्न सुझाब दिनुभयो । नेपाल बीमा प्रधिकरणको निर्देशन बमोजिम चुक्ता पूँजी कायम भै रु. १५ करोडले अधिक चुक्ता पुँजी कायम भए तापनि सधैं नम्बर वान १ हुन अरु बीमा कम्पनीलाई गाभ्ने तर्फ सुझाब दिंदै कम्पनीको उत्तर उत्तर प्रगतिको कामना गर्नुभयो ।

**घ. कुबेर श्रेष्ठ**

कम्पनीको वार्षिक साधारण सभामा शेयरहोल्डरहरुले बोल्ने समय तोक्नु उपयुक्त नभएको धारणा राख्नु भयो । कम्पनीले १६ प्रतिशत बोनस शेयर दिएतापनि दुई वर्षको साधारण सभा एकैचोटि गरेको हुँदा वार्षिक ८/८ प्रतिशतको दरले मात्र प्रतिफल पाएको हुँदा कम्तीमा १२ प्रतिशतका दरले प्रतिफल पाउनुपर्ने धारणा राख्नुभयो । कम्पनीले बीमा शुल्क आम्दानी वृद्धि गर्नका लागि Target लिनुपर्ने र सो Target लाई आफ्ना विभिन्न शाखा तथा कर्मचारीहरुलाई पनि Target दिएर व्यवसाय तथा बीमालेख संख्या वृद्धि गर्नुपर्ने कुरा उल्लेख गर्नुभयो । कम्पनीले शेयरमा तथा म्युअचल फण्डमा गरेको लगानी अधिक रहेको र शेयर लगानी तथा म्युअचल फण्डमा गरिएको लगानी नोक्सान भएको औंल्याउँदै प्रतिफल प्राप्त हुने क्षेत्रमा लगानी गर्न सुझाव दिनुभयो । नेपाल बीमा प्राधिकरणबाट विज्ञापन तथा व्यापार प्रवर्द्धन खर्च अधिक भएको सम्बन्धमा निर्देशन प्रदान भएको औंल्याउँदै नेपाल बीमा प्राधिकरणबाट तोकिएको सिमा भित्र रहि खर्च गर्न सुझाव प्रदान गर्नुभयो । शिखर इन्स्योरेन्स बीमा क्षेत्रमा मुभर्स एण्ड सेकर्स कम्पनीका रुपमा रहेको कुरा उल्लेख गर्दै अगामी दिनमा अन्य राम्रा बीमा कम्पनीहरु खोजि ठूलो कम्पनी बनाउन सुझाब दिनुभयो । शेयरधनीहरुको wealth maximization गर्न कार्यक्रमहरु संचालन गर्न सुझाव दिनुभयो । साथै ठूलो परियोजनामा लगानी गर्दा भविष्यमा समस्या हुन सक्ने भएकोले त्यसतर्फ सचेत हुन अनुरोध गर्नुभयो । कम्पनी र शेयरहोल्डरहरुको सम्बन्ध वार्षिक साधारण सभाको दिन मात्र नभई अरु बेला पनि राम्रो हुनुपर्ने धारणा राख्नुभयो । शिखर इन्स्योरेन्सलाई सधैं शिखरमा राख्न शेयरधनीहरुको आवश्यक सहयोग रहने जानकारी गराउनुभयो । आगामी वर्षहरुमा कम्तीमा १२ प्रतिशत प्रतिफल प्रदान गर्ने आशा रहेको जानकारी गराउनु भयो ।

**ङ. श्री चन्द्र नारायण श्रेष्ठ**

कम्पनीको १७ औं तथा १८ औं साधारण सभामा १६ प्रतिशत बोनश शेयर दिने प्रस्ताब ल्याएकोमा धन्यवाद व्यक्त गर्नुभयो । यस कम्पनीका कर्मचारीहरु ज्ञानको भण्डार रहेकोमा खुशी व्यक्त गर्नुभयो र

कम्पनीको कर्मचारीहरुले कम्पनीलाई अझ शिखरमा पुऱ्याउनेमा विश्वस्त रहेको बताउनुभयो । कम्पनीले निर्जीवन बीमा कम्पनीहरुमा धेरै बोनस शेयर दिएकोमा धन्यबाद प्रदान गर्नुभयो । नेपालको निर्जिवन बीमा क्षेत्रमा बजार बढाएकोमा धन्यवाद दिनुभयो । वार्षिक प्रतिवेदनमा दश वर्ष अगाडीका वर्षहरुमा आर्जन गरेको बीमा शुल्कको विवरण उल्लेख गर्न अनुरोध गर्नुभयो । कम्पनीको संचालक समितिको बैठक भत्ता वृद्धि सम्बन्धमा तीन महले समेत तयार गरी वार्षिक प्रतिवेदनमा उल्लेख गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

**च. श्री शत्रुधन श्रेष्ठ**

२०६१ सालमा रु.१२.५ करोडको चुक्ता पुँजीबाट ३ वटा शाखाबाट सुरु गरेको यस शिखर इन्स्योरेन्स कम्पनीले १८ वर्षमा उत्कृष्ट कम्पनी भई आकर्षक लाभांस दिनुभएकोमा कम्पनी तथा कर्मचारीहरुलाई हार्दिक आभार ज्ञापन गर्नुभयो । कम्पनीको चुक्ता पुँजी रु.२ अर्व ५० करोड पुगेपनि अन्य कम्पनीहरु यस कम्पनीसंग गाभिन आएको खण्डमा मर्जरमा जानु उपयुक्त रहने धारणा राख्नु भयो । यस कम्पनीले नेपाल सरकारबाट कृषि बीमा तथा कोरोना बीमा बापत प्राप्त गर्नुपर्ने रकम प्राप्त गर्ने तर्फ किन अग्रसर नभएको भन्ने जिज्ञासा राख्नुभयो । अगामी दिनमा कम्तीमा ३० प्रतिशतको लाभांस दिनुपर्ने धारणा राख्नुभयो । बीमा ऐन अनुसार तोकिएको समयभित्र लेखापरीक्षण नगरे रु.१० लाख सम्म जरिवाना गर्न सक्ने भएकोले लेखापरिक्षण समयमै गरि समयमै साधारण सभा गर्न अनुरोध गर्नुभयो । एक अर्काको बीमालेखको नक्कल नगरी नयाँ नयाँ बीमा लेख जारी गर्न, तथा अस्वस्थ्य प्रतिस्पर्धा नगर्न, बीमा व्यावसायको बारेमा राम्रोसँग ज्ञान भएका अभिकर्ता मात्र नियुक्ति गर्न, बीमा ऐनमा लागु भए बमोजिम एक बीमक एक अभिकर्ताको व्यवस्था गर्न, बीमा अभिकर्ता कामबाट अगल भएपछि लेनदेन बाँकी नभएको प्रमाणपत्र प्रदान गर्ने, बीमा अभिकर्ताले अरु कम्पनीमा काम गर्दा बाँकी रहेको लेनदेन आफैंले बुझाउनुपर्ने नियम कडाईकासाथ लागु गर्न, बीमा प्राधिकरणको अनलाईन प्रणालीमा प्यान नम्बर अनिवार्य इन्ट्रि गर्नुपर्ने प्रावधान राख्न, आफुले आर्जन गरेको खुद नाफाको कम्तीमा २ प्रतिशत रकम कर्मचारीको तालिममा खर्च गर्न, नियमित रुपमा वार्षिक साधारण सभा सम्पन्न गर्न सुझाव दिनुभयो ।

**छ. श्री गुणराज भट्ट**

कम्पनीले हरेक वर्ष नियमित रुपमा साधारण सभा गर्न अनुरोध गर्नुभयो । कोभिड, आर्थिक मन्दी र नेपाल सरकारले आयातलाई प्रतिवन्धित गरेको बेलामा समेत प्रस्तावित १६ प्रतिशत लाभासंलाई नराम्रो भन्न नमिल्ने तथा अगामी वर्षहरुमा अझ बढि लाभांसको अपेक्षा गर्ने बताउनुभयो । बीमा प्राधिकरणको निर्देशन बमोजिम चुक्ता पूँजी कायम भैसकेकोले अन्य कम्पनी संग मर्जमा जान आवश्यक नभएको तर व्यवस्थापनले अन्य कम्पनीसंग मर्जमा जाँदा उपयुक्त ठानेमा मर्जमा जान सकिने धारणा राख्नुभयो । नेपाल सरकारबाट प्राप्त गर्नुपर्ने रकमलाई नेपाल सरकारलाई तिर्नुपर्ने करसंग कट्टा गरी कर तिर्नपर्ने धारणा राख्नुभयो । बोनस शेयर प्रदान गर्दा Fraction Share लाई पूर्ण शेयरमा परिणत गर्ने व्यवस्थालाई निरन्तरता दिन अनुरोध गर्नुभयो ।

**ज. रोज कुमार श्रेष्ठ**

कम्पनीले खालि नहुने गरि लाभांश प्रस्ताव गरेको र प्राधिकरणको निर्देशन बमोजिम पूँजी पुऱ्याउन सफल भएकोमा खुशी व्यक्त गर्नुभयो । कम्पनीको वित्तीय विवरणमा शेयर लगानीको परल मुल्य भन्दा बजार मुल्य बढी नै देखिएको भएतापनि शेयरमा कसरी नोक्सानी देखिएको हो प्रष्ट पार्न अनुरोध गर्नुभयो । कम्पनीको चालु वर्षमा करिब १५ प्रतिशतको व्यवसाय वृद्धि भएको भन्ने उल्लेख भएको र सो वृद्धिले विगतमा कम भएको नाफाको पुर्ति गर्ने वा नगर्ने जिज्ञासा राख्नु भयो । वार्षिक प्रतिवेदन धेरै मोटो भएकोले व्यावहारिक रुपमा सँगै लिएर राख्न र बोकेर हिंड्न पनि अप्ठ्यारो भएकोले आगामी दिनमा नेपालीमा मात्र प्रतिवेदन तयार गर्न सुझाब दिनुभयो ।

**झ. डमरु बल्लभ घिमिरे**

कम्पनीको वार्षिक प्रतिवेदन अध्यन गर्दा कम्पनीले निर्जिवन बीमाकम्पनीहरु मध्ये शिखर इन्स्योरेन्स नं १ हुन निरन्तरता दिएको पाइएकोले आफूलाई खुशी र गौरव लागेको व्यक्त गर्नुभयो । नेपाल बीमा प्राधिकरणबाट लगानीको दायरा परिमार्जन गरी हाइड्रो कम्पनीहरुमा समेत लगानी गर्ने नीति बनाउनु भएकोमा धन्यबाद ज्ञापन गर्नुभयो । पुर्वाधार क्षेत्रमा गरिएको लगानीलाई प्रष्ट पार्न अनुरोध गर्नुभयो । यस कम्पनीका ११० वटा शाखाहरुमा कुन घाटा, कुन नाफा तथा कुन BEP छन् भनि प्रष्ट्याउन अनुरोध गर्नुभयो । आफु मर्जरको विरोधि भएतापनि मर्जरबाट कम्पनीलाई लाभ भएमा मर्जरमा जादाँ उपयुक्त हुने धारणा राख्नु भयो । स्थानीय निकायहरुसँग समन्वय गरेर अगाडी बढ्न अनुरोध गर्नुभयो ।

**ञ. शिव पौडेल**

पूर्व निर्धारित समय ११:०० बजे नै साधारण सभा शुरु गरेको र प्रतिवेदनमा उल्लेखित सबै इन्डिकेटरहरु राम्रो भएकोमा खुशी व्यक्त गर्नुभयो । समयमै दाबी भुक्तानी गर्नुपर्ने धारणा राख्नु भयो । समयसापेक्ष कर्मचारीहरुको सुविधा परिमार्जन गरेकोमा धन्यबाद ज्ञापन गर्नुभयो । शेयरबजार हालको अवस्थामा घटिरहेको अवस्थामा शेयरमा थप लगानी गर्नु उपयुक्त हुने धारणा राख्नुभयो । साधारण सभामा अध्यक्ष तथा प्रमुख कार्यकारी अधिकृत सँगै बस्न उपयुक्त हुने सुझाब दिनुभयो । आगामी वर्षहरुका दिईरहेको लाभांश नघटाउन आग्रह गर्नुभयो । मुद्दती खातामा रकम राख्नुभन्दा लगानीका अरु दायराहरु पहिल्याउने तथा पुर्वाधारको क्षेत्रमा अझै लगानी गर्न सुझाब दिनुभयो । अन्य कम्पनीसंग मर्जरमा जाँदा अरु साना कमजोर कम्पनीहरुलाई मर्ज गर्न सुझाव दिनुभयो । कम्पनीको कार्यालयमा कम्पनीका  पूर्व अध्यक्षको फोटो झुण्ड्याउने परिपाटि सान्दर्भिक हुने बताउनुभयो । शिखर इन्स्योरेन्स कम्पनीको कोरोना बीमा वापत् कति रकम भुक्तानी गर्न बाँकी छ भन्ने प्रश्नमा जवाफको आशा गर्नुभयो ।

**ट. श्री लव राज जोशी**

शिखर इन्स्योरेन्स कं. लि. * काठमाडौं *

कम्पनीमा निरन्तर रुपमा इमानदारीसाथ कर्तब्यनिष्ठ भएर खट्ने सबैमा आभार व्यक्त गर्नुभयो । शिखर इन्स्योरेन्सको मर्यादा र गरिमा बढाउन शेयरधनीहरुले आफ्नो अमुल्य समय दिएर सल्लाह तथा सुझाव प्रदान गर्दै आएकोमा कम्पनीले उक्त सझावहरु के कति कार्यान्वयन गरेको भन्ने बारेमा साधारणसभामा जानकारी प्रदान गर्नुभएकोमा धन्यबाद ज्ञापन गर्नुभयो । शेयरधनीहरुको सझाव बमोजिमनै कम्पनीले हाल रहेको भवनको निर्माण गरेको र सो वापत् यस कमपनीलाई थप आम्दानी भएको कुरा व्यक्त गर्नुभयो । कर्मचारीमा लगानी भनेको Assets मा गरेको लगानी हो भन्दै कर्मचारीहरुलाई सेवा सुविधा दिन कन्जुस्याईं नगर्न आग्रह गर्नुभयो । सौहार्दपूर्ण वातावरणमा साधारण सभा भएकोमा शेयरधनीहरु लगायत सम्पूर्णको गरिमा बढेको कुरा उल्लेख गर्नुभयो । आगामी वर्षहरुमा दशैं अगाडी नै साधारण सभा गर्न सुझाब दिनुभयो । नेपाल सरकारबाट लिनुपर्ने रकम छिटो भन्दा छिटो लिई सो लगानी गरि प्रतिफल लिन यस कम्पनीको व्यबस्थापन सफल हुने हामीलाई लागेको छ भन्नुभयो । ६९ जिल्लाबाट शाखा विस्तार गरि ७७ जिल्लामा पुऱ्याउन सुझाब दिनुभयो । कम्पनीको जोखिम व्यवस्थापन तथा पूनर्बीमा व्यवस्थापन राम्रो रहेको धारणा व्यक्त गर्नुभयो । नेपालको बीमा क्षेत्रमा उत्कृष्ट कर्मचारीहरु भएको यस कम्पनीको अझ उन्नती होस् भन्ने कामना व्यक्त गर्नुभयो ।

### ठ. श्री गोगन बहादुर पराजुली

यस साधारण सभामा दुई वर्षको साधारण सभा भएकोले १६ प्रतिशत बोनस शेयर, प्रति वर्ष ८/८ प्रतिशतका दरले भएको र आउँदो वर्ष २० प्रतिशतको बोनस शेयरको आशा रहेको बताउनुभयो । मर्जरका धेरै चुनौतीहरु रहेको कारण मर्जरमा नजान उपयुक्त हुने धारणा व्यक्त गर्नुभयो । नियामक निकायले दिएको चुक्ता पूँजी पुगिसकेकोले मर्जरमा नजान अनुरोध गर्नुभयो । कम्पनीको जोखिमाकंन थोरै खस्कदै गएकोले बीमा ब्यापार गर्दा उपयुक्त जोखिमांकनका साथ नआत्तिकन बीमा व्यवसाय गर्न अनुरोध गर्नुभयो । कृषि क्षेत्र असाध्यै जोखिमपूर्ण भएतापनि कृषि क्षेत्रलाई कृषि बीमा मार्फत सपोर्ट गर्नुभएकोमा धन्यवाद ज्ञापन गर्नुभयो ।

### ड. श्री नरसिंह लाल चखुँ

कम्पनीको वार्षिक प्रतिवेदन तथा व्यवस्थापन पक्ष हेर्दा कम्पनीको Performance राम्रो रहेको र आगामी दिनहरुमा पनि निरन्तरता दिन आग्रह गर्नुभयो । कम्पनीले प्रस्ताव गरेको १६ प्रतिशतको बोनस शेयरका लागि धन्यबाद ज्ञापन गर्नुभयो । लगानी आम्दानीको अनुपात विगतमा भन्दा कम भएकोले सो तर्फ ध्यान दिन आग्रह गर्नुभयो । प्राप्त गर्नुपर्ने रकम अधिक भएकोले सो को असुलउपरमा ध्यान दिन अनुरोध गर्नुभयो । ब्यापारको प्रकृति हेरि समय अनुसार परिवर्तन गरि ब्यावसायको वृद्धि र विस्तार तर्फ ध्यान दिएकोमा खुशि लागेको तथा विभिन्न पुरस्कारहरु पाएकोमा धन्यवाद व्यक्त गर्नुभयो । शाखाहरुलाई नाफामुखी बनाउने तर्फ व्यबस्थापन सजक रहन र जोखिम व्यबस्थापन तिर सचेत रहन अनुरोध गर्नुभयो ।

**ढ. श्री ध्रुवराज न्यौपाने**

शेयर बजारमा यस कम्पनीले राम्रो छाप छोडेको र शेयरधनीलाई राम्रो प्रतिफल दिने कम्पनीको रुपमा रहेको बताउनुभयो । शिखर इन्स्योरेन्सकै कारण नेपालको बीमा क्षेत्रको समेत विकास भएकोमा धन्यबाद ज्ञापन गर्नुभयो । दुई वर्षको प्रतिफल १६ प्रतिशत उत्साहित नभएतापनि बोनस शेयरमार्फत नियामक निकायले तोकेको चुक्ता पुँजी कायम गर्न सफल भएकोमा धन्यबाद ज्ञापन गर्नुभयो । नियमक निकायले आगामी समयमा चुक्ता पुँजीको सिमा थप वृद्धि गर्न सक्ने भएकोले आगामी समयमा पनि बोनस शेयरकै रुपमा प्रतिफल प्रदान गर्न आग्रह गर्नुभयो । मर्जरमा जान नहुने बारेमा आफ्नो धारणा राख्नु भयो । सातै प्रदेशमा आफ्नै कार्यालय भवन बनाउन अनुरोध गर्नुभयो । हवाई बीमामा धेरै व्यवसाय नगर्दा उपयुक्त हुने धारणा राख्नु भयो । शेयरधनीहरुलाई वार्षिक साधारण सभामा Hi Tea को व्यबस्था गरि बचेको पैसा शेयरधनीहरुलाई लाभांशको रुपमा वितरण गर्न सुझाब दिनुभयो । कृषि बीमा जोखिमपूर्ण बीमा भएकोले निरन्तर अनुगमन आवश्यक रहेको धारणा राख्नुभयो ।

**ण. श्री दिपक प्रधान**

कम्पनीले १६ प्रतिशत बोनस शेयर दिएकोमा धन्यवाद व्यक्त गर्नुभयो । कम्पनीले पुस मसान्तभित्र साधारण सभा गर्न सुझाब दिनुभयो । बीमा गर्दा अन्तराष्ट्रिय प्रचलनलाई समेत मध्यनजर गरी बीमा गर्न अनुरोध गर्नुभयो । कर्मचारीहरुलाई आवश्यक तालिम पश्चात मात्र बीमा बजारमा पठाउनुपर्ने धारणा राख्नुभयो । विगतमा कान्तिपुर पत्रिकाको वार्षिक सदस्यहरुलाई दुर्घटना बीमा गरिएको तर आफूले कान्तिपुर पत्रिकाको वार्षिक ग्राहक हुँदा हालसम्म दुर्घटना बीमा नभएकोमा दुःख व्यक्त गर्नुभयो । कृषि तथा हवाई बीमा गर्दा तालिम प्राप्त कर्मचारीमार्फत राम्रोसँग अनुगमन गरेर बीमा गर्नु उपयुक्त हुने धारणा राख्नुभयो । विभिन्न मिडियाहरुमार्फत बीमाको प्रचार गरी बीमाको विस्तार गर्नुपर्ने भनाई राख्नु भयो । सामाजिक क्षेत्रमा पनि खर्च गर्न केहि रकम छुट्याउनुपर्ने र यसले बजारमा सकारात्मक सन्देश जाने धारणा राख्नुभयो ।

**९. शेयरधनीहरुको जिज्ञासा उपर सभाका अध्यक्ष श्री राजेन्द्र प्रसाद श्रेष्ठज्यूको प्रतिउत्तर :**

शेयरधनी महानुभावहरुले दिनु भएको सल्लाह र सुझावहरुप्रति हार्दिक धन्यवाद ज्ञापन गर्नुहुँदै शेयरधनी महानुभावहरुको जिज्ञासा तथा प्रश्नहरुको जवाफ दिनको लागि कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री दिप प्रकाश पाण्डेलाई अनुरोध गर्नुभयो ।

**शेयरधनीहरुको जिज्ञासा उपर प्रमुख कार्यकारी अधिकृत श्री दिप प्रकाश पाण्डेको प्रतिउत्तर :**

अन्य कम्पनीसंग मर्जरमा जाने भन्दा पनि प्राप्ति गर्ने तर्फ प्राप्त सुझावलाई धन्यबाद ज्ञापन गर्नुभई सोहि बमोजिमको योजना निर्माण गर्ने जानकारी गराउनुभयो । हवाई बीमा सम्बन्धमा नेपाल बीमा प्राधिकरणबाट जारी निर्देशिका बमोजिम संस्थापकको बीमा गर्न नपाइने भएकोले बुद्ध एयरको हवाई बीमा कम्पनीले गर्न नसकेको जानकारी गराउनुभयो । मर्जर सम्बन्धमा उपयुक्त अवसरको वातावरण सृजना भएमा मर्जरमा जाने जानकारी गराउनुभयो । साधारण सभामा शेयरधनीमहानुभावहरुले प्रयाप्त

मात्रामा बोल्ने समय प्रदान गर्ने तर्फ सचेत रहेको र शेयरधनीमहानुभावलाई लिखित रुपमा समेत आफ्नो धारणा तथा जिज्ञासा राख्न अनुरोध गर्नुभयो । विज्ञापन तथा व्यापार प्रवर्द्धन खर्च नेपाल बीमा प्राधिकरणले निर्धारण गरेभन्दा अधिक भएको बारेमा नेपाल बीमा प्राधिकरणको निर्देशन बमोजिम २० प्रतिशत प्रत्यक्ष हिस्सा नेपाली पुनर्बीमा कम्पनीहरुलाई प्रदान गर्नुपर्ने भएकोले कम्पनीको खुद बीमाशुल्कमा कमी आई कम्पनीले गर्ने विज्ञापन तथा व्यापार प्रवर्द्धन खर्च तोकिएको सिमा भन्दा अधिक भएको जानकारी गराउनुभयो । कम्पनी सदैव शिखरमा रहने तर्फ, कम्पनीको चुक्ता पुँजी वृद्धि गर्दै जाने तर्फ कम्पनी सजग रहेको जानकारी गराउनुभयो । शेयरधनी महानुभावहरुको अपेक्षा बमोजिमको लाभासं प्रदान गर्ने तर्फ कम्पनीको व्यवस्थापन कोसिसरत रहने जानकारी गराउनुभयो । नेपाल सरकारबाट प्राप्त हुनुपर्ने रकमको लागि आवश्यक पहल भएको र कमिक रुपमा रकम हरुको निकासा हुने जानकारी प्राप्त भएको जानकारी दिनुभयो । अभिकर्ता सम्बन्धी सुझावहरु समेत आवश्यकता अनुरुप पालना गर्दै जाने जानकारी गराउनुभयो । नेपाल सरकारसंग लिनुपर्ने रकम करसंग समायोजन गर्ने बारेको सुझाव सम्बन्धमा आयकर ऐनको व्यवस्थाका कारण त्यसो गर्न नसकिएको जानकारी गराउनुभयो । नेपालको आवश्यकता अनुरुप कृषि पुर्वाधार क्षेत्रमा बीमा व्यवसायलाई केन्द्रिकृत गर्दै गइरहेको जानकारी गराउनुभयो । आगामी वार्षिक साधारण सभा समयमै सम्पन्न गर्न कम्पनी सजग रहेको जानकारी गराउनुभयो । दाबी भुक्तानी चाँडो गर्ने तर्फ कम्पनी सजग रहेको जानकारी गराउनु भयो । कम्पनीको शेयरधनीहरुसंग सम्बन्ध थप सुमधुर राख्न कम्पनीको कार्यालयमा शेयरधनीको लागि अलगै कोठाको स्थापना गरिने जानकारी गराउनुभयो । जोखिमांकन तथा कृषि बीमाको क्षेत्रमा देखिएको कमजोरीलाई अध्ययन गरी सुधार गर्दै जाने जानकारी गराउनुभयो । आगामी वर्षहरुमा कम्पनीको नाफामा सुधार गर्दै आकर्षक प्रतिफल प्रदान गर्ने तर्फ कम्पनी र सम्पूर्ण व्यवस्थापन पक्ष सजग रहेको जानकारी गराउनुभयो । कान्तिपुर दैनिकसंगको सहकार्य अनुरुप कान्तिपुर दैनिकको वार्षिक ग्राहक हुँदा प्राप्त हुनुपर्ने दुर्घटना बीमा नभएको सम्बन्धमा क्षमा माग्दै सोलाई सुधार गर्न आवश्यक कदम चालिने जानकारी गराउनुभयो । शेयरधनी महानुभावहरुबाट प्राप्त अमुल्य सुझावको लागि धन्यबाद ज्ञापन गर्दै प्राप्त सल्लाह तथा सुझावबमोजिम आवश्यक योजना तथा कार्यहरु गर्दै जाने जानकारी गराउनु भयो ।

**९. वार्षिक साधारण सभाका प्रस्तावहरु उपर सभाको निर्णय :**

अध्यक्षज्यूबाट साधारणसभाको छलफलका विषयसूचीमा उल्लेखित प्रस्तावहरु पारित गर्नका लागि सभासमक्ष प्रस्तुत गरिएकोमा सभाबाट देहायअनुरुप निर्णयहरु पारित गरियो ।

**सामान्य प्रस्तावहरुतर्फ**

१.१ **आ.व.२०७७।७८ तथा आ.व.२०७८।७९ को संचालक समितिको बार्षिक प्रतिवेदन उपर छलफल गरी सोलाई पारित गर्ने बारे ।**

आ.व.२०७७।७८ तथा आ.व.२०७८।७९ को संचालक समितिको बार्षिक प्रतिवेदन पारित गर्नका लागि निर्णयार्थ पेश हुँदा सभामा उपस्थित शेयरधनीहरुबाट सर्वसम्मतिले पारित गरियो ।

१.२ **आ.व. २०७७।७८ र आ.व.२०७८।७९ को लेखापरीक्षण प्रतिवेदन सहितको वित्तीय विवरणहरु उपर छलफल गरी सो लाई पारित गर्ने बारे ।**

आ.व. २०७७।७८ र आ.व.२०७८।७९ को लेखापरीक्षण प्रतिवेदन सहितको वित्तीय विवरणहरु उपर छलफल गरी सो लाई पारित गर्नका लागि निर्णयार्थ पेश हुँदा सभामा उपस्थित शेयरधनीहरुबाट सर्वसम्मतिले पारित गरियो ।

**१.३ आ.व.२०७९।८० का लागि लेखापरीक्षकको नियुक्ति गर्ने तथा पारिश्रमिक तोक्ने बारे । आ.व.२०७८।७९ को लेखापरीक्षकको नियुक्ति अनुमोदन गर्ने बारे ।**

उपरोक्त प्रस्तावहरु पारित गर्ने सम्बन्धमा निर्णयार्थ पेश हुँदा आ.व.२०७८।७९ को वित्तीय विवरणहरुको लेखा परीक्षण गर्नका लागि श्री कम्पनी रजिष्ट्रार कार्यालयबाट आवश्यक स्विकृति प्राप्त गरी श्री बि.के अग्रवाल एण्ड कम्पनी चार्टड एकाउण्टेण्टलाई लेखापरीक्षण शुल्कबापत रु.३२५,००० कर लेखापरीक्षण शुल्कबापत रु.७५,००० र विस्तृत लेखापरीक्षण शुल्कबापत रु.५०,००० गरी कुल रु.४५०,००० शुल्क (मुल्य अभिवृद्धि कर बाहेक) भुक्तानी गर्ने गरी गरिएको नियुक्तिलाई सभामा उपस्थित शेयरधनीहरुबाट सर्वसम्मतिले अनुमोदन गरियो ।

साथै आ.व.२०७९।८० को वित्तीय विवरणहरुको लेखापरीक्षण गर्नका लागि हालकै लेखापरीक्षक श्री वि.के अग्रवाल एण्ड कम्पनी चार्टड एकाउण्टेण्ट योग्य हुनुभएकोले कम्पनीको लेखापरीक्षण समितिको सिफारिसमा साविक सरह लेखापरीक्षण शुल्कबापत रु.३२५,००० कर लेखापरीक्षण शुल्कबापत रु.७५,००० र विस्तृत लेखापरीक्षण शुल्कबापत रु.५०,००० गरी कुल रु.४५०,००० (मुल्य अभिवृद्धि कर बाहेक) शुल्क भुक्तानी गर्ने गरी लेखापरीक्षक नियुक्तको लागि पेश गरिएको प्रस्ताव सभामा उपस्थित शेयरधनीहरुबाट सर्वसम्मतिले पारित गरियो ।

**१.४ संचालक समितिवाट प्रस्ताव गरिएको २०७९ आषाढ मसान्त सम्म कायम शेयर पुँजीमा ०.८४२१ प्रतिशत का दरले नगद लाभांश रु.१९,२५१,०९० (रु.एक करोड बयानब्बे लाख एकाउन्न हजार नब्बे मात्र) पारित गर्ने बारे (प्रस्तावित वोनस शेयरको कर प्रायोजनार्थ) ।**

संचालक समितिवाट प्रस्ताव गरिएको २०७९ आषाढ मसान्त सम्म कायम शेयर पुँजीमा ०.८४२१ प्रतिशत का दरले नगद लाभांश रु.१९,२५१,०९० (रु.एक करोड बयानब्बे लाख एकाउन्न हजार नब्बे मात्र) (प्रस्तावित वोनस शेयरको कर प्रायोजनार्थ) पारित गर्ने प्रस्ताव निर्णयार्थ पेश हुँदा सभामा उपस्थित शेयरधनीहरुबाट सर्वसम्मतिले पारित गरियो ।

**१.५ कम्पनीको स्वतन्त्र संचालकको नियुक्ति बारेमा बीमा ऐन २०७९ बमोजिम साधारण सभामा जानकारी गर्ने बारे ।**

उपरोक्त प्रस्ताव सम्बन्धमा बीमा ऐन, २०७९ बमोजिम कम्पनीको संचालक समितिको मिति २०७९ माघ २३ मा सम्पन्न बैठकबाट बीमा ऐन बमोजिम योग्यता तथा अनुभव भएका श्री इन्द्र प्रसाद कर्माचार्यज्यूलाई स्वतन्त्र संचालक नियुक्त गरिएको व्यहोरा अध्यक्षज्यूले सभामा जानकारी गराउनुभयो ।

**१.६ कम्पनीको संचालक समितिका सदस्यहरु तथा अन्य समिति/उपसमितिका सदस्यहरुले प्राप्त गर्ने भत्ता तथा सुविधा परिमार्जन गर्ने बारे ।**

उपरोक्त प्रस्ताव सम्बन्धमा कम्पनीको मिति २०७३ पौष ८ मा सम्पन्न बाह्रौं वार्षिक साधारणसभाबाट संचालकहरुको भत्ता तथा सुविधा पुनरावलोकन भई संचालक समितिको बैठक भत्ता बापत अध्यक्षलाई रु.१२,००० प्रति बैठक तथा सदस्यलाई रु.१०,००० प्रति बैठक र उपसमितिका संयोजक र सदस्यलाई रु.५,००० प्रति बैठक प्रदान गर्ने निर्णय भएकोमा कम्पनीको कारोबार तथा वित्तीय अवस्था, कार्यसंचालन तथा व्यवसायिक योजना एवं मुद्रास्फिति दरलाई समेत मध्येनजर गरी कम्पनीको संचालक समितिबाट प्रस्तावित निम्नबमोजिमको भत्ता तथा सुविधालाई पारित गर्ने प्रस्ताव निर्णयार्थ पेश हुँदा सभामा उपस्थित शेयरधनीहरुबाट सर्वसम्मतिले पारित गरियो ।

संचालक समितिको बैठक भत्ता बापत अध्यक्षलाई रु.२०,००० प्रति बैठक तथा सदस्यलाई रु.१८,००० प्रति बैठक

अन्य समितिको बैठक भत्ता बापत संयोजक तथा सदस्यलाई रु.९,००० प्रति बैठक

इन्धन सुविधा बापत साविक बमोजिमकै १०० लिटर प्रति महिना

**१.७ विविध**

विविध तर्फ छलफलका कुनै विषयहरु नभएको अध्यक्षज्यूबाट जानकारी गराइयो ।

**२ विशेष प्रस्ताव**

**२.१ सञ्चालक समितिबाट प्रस्ताव गरिएको २०७९ आषाढ मसान्त सम्म कायम शेयर पुँजीमा १६ प्रतिशतका दरले रु.३६५,७७२,९९२ (छत्तीस करोड सन्ताउन्न लाख बहत्तर हजार नौ सय बयानब्बे मात्र) को बोनस शेयर पारित गर्ने बारे । (बोनस शेयर बितरण गर्दा खण्डित शेयरको हकमा माथिल्लो नजिकको अंकमा परिणत गर्ने र सो गर्दा शेयर स्वामित्व (पुँजी प्रतिशत) कायम राख्ने गरी जारी पुँजी तथा चुक्ता पुँजी संसोधन गर्ने । यसरी शेयर संख्या थपघट गर्ने अधिकार संचालक समितिलाई दिने बारे।)**

सञ्चालक समितिबाट प्रस्ताव गरिएको २०७९ आषाढ मसान्त सम्म कायम शेयर पुँजीमा १६ प्रतिशतका दरले रु.३६५,७७२,९९२ (छत्तीस करोड सन्ताउन्न लाख बहत्तर हजार नौ सय बयानब्बे मात्र) को बोनस शेयर पारित गर्ने, (बोनस शेयर बितरण गर्दा खण्डित शेयरको हकमा माथिल्लो नजिकको अंकमा परिणत गर्ने र सो गर्दा शेयर स्वामित्व (पुँजी प्रतिशत) कायम राख्ने गरी जारी पुँजी तथा चुक्ता पुँजी संसोधन गर्ने र यसरी शेयर संख्या थपघट गर्ने अधिकार संचालक समितिलाई दिने बारे।) सम्बन्धि विशेष प्रस्ताव निर्णयार्थ पेश हुँदा सभामा उपस्थित शेयरधनीहरुबाट सर्वसम्मतिले पारित गरियो ।

**२.२ कम्पनीबाट गरिएको चन्दा तथा सामाजिक उत्तरदायित्व अन्तर्गतका खर्चहरु अनुमोदन गर्ने वारे ।**

कम्पनीबाट गरिएको चन्दा तथा सामाजिक उत्तरदायित्व अन्तर्गतका खर्चहरु अनुमोदन गर्ने सम्बन्धि विशेष प्रस्ताव निर्णयार्थ पेश हुँदा सभामा उपस्थित शेयरधनीहरुबाट सर्वसम्मतिले पारित गरियो ।

**२.३ कम्पनीको नियमावलीको नियम १२(ख), संचालकहरुको नियुक्ति सम्बन्धि नियमलाई संशोधन गर्ने बारे । ( संस्थापक शेयरधनीहरुबाट नियुक्त हुने ४ जना, सर्वसाधारण शेयरधनीहरुबाट नियुक्त हुने २ जना र स्वतन्त्र संचालक १ जना गरी जम्मा ७ जना संचालक नियुक्त हुने सम्बन्धि नियमलाई संसोधन गरी संस्थापक शेयरधनीहरुबाट नियुक्त हुने ३ जना, सर्वसाधारण शेयरधनीहरुबाट नियुक्त हुने ३ जना र स्वतन्त्र संचालक १ जना गरी जम्मा ७ जना संचालक नियुक्त हुने गरी नियम १२(ख) संसोधन गर्ने) ।**

उपरोक्त बमोजिमको विशेष प्रस्ताव निर्णयार्थ पेश हुँदा कम्पनीको नियमावलीको नियम १२(ख), संचालकहरुको नियुक्ति सम्बन्धि नियमलाई निम्नबमोजिमले संशोधन गर्ने निर्णय सभामा उपस्थित शेयरधनीहरुबाट सर्वसम्मतिले पारित गरियो :

संस्थापक शेयरधनीहरुबाट नियुक्त हुने ४ जना, सर्वसाधारण शेयरधनीहरुबाट नियुक्त हुने २ जना र स्वतन्त्र संचालक १ जना गरी जम्मा ७ जना संचालक नियुक्त हुने सम्बन्धि नियमलाई संसोधन गरी संस्थापक शेयरधनीहरुबाट नियुक्त हुने ३ जना, सर्वसाधारण शेयरधनीहरुबाट नियुक्त हुने ३ जना र स्वतन्त्र संचालक १ जना गरी जम्मा ७ जना संचालक नियुक्त हुने गरी नियम १२(ख) संसोधन गर्ने ।

**२.४ नियमनकारी निकाय नेपाल बीमा प्राधिकरणबाट जारी भएको बीमक गाभ्ने, गाभिने तथा प्राप्ति गर्ने सम्बन्धी निर्देशिका बमोजिम यस कम्पनी र अन्य कुनै बीमा कम्पनी एक आपसमा गाभ्ने/गाभिने वा प्राप्ति गर्ने सन्दर्भमा समझदारी पत्र (Memorandum of Understanding) तर्जुमा गर्ने, अन्य प्रक्रिया पुरा गरी सोमा हस्ताक्षर गर्ने, सम्पुर्ण चलअचल सम्पत्ति र दायित्व मूल्याङ्कन गर्न मान्यता प्राप्त मूल्याङ्कनकर्ता लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक तोक्ने लागायत मर्ज (गाभ्ने/गाभिने तथा प्राप्ति गर्ने) हुन आवश्यक सम्पुर्ण प्रक्रिया अवलम्बन गर्न संचालक समितिलाई सम्पुर्ण अख्तियारी प्रदान गर्ने बारे ।**

उपरोक्त बमोजिमको विशेष प्रस्ताव निर्णयार्थ पेश हुँदा नियमनकारी निकाय नेपाल बीमा प्राधिकरणबाट जारी भएको बीमक गाभ्ने, गाभिने तथा प्राप्ति गर्ने सम्बन्धी निर्देशिका बमोजिम यस कम्पनी र अन्य कुनै बीमा कम्पनी एक आपसमा गाभ्ने/गाभिने वा प्राप्ति गर्ने सन्दर्भमा समझदारी पत्र (Memorandum of Understanding) तर्जुमा गर्ने, अन्य प्रक्रिया पुरा गरी सोमा हस्ताक्षर गर्ने, सम्पुर्ण चलअचल सम्पत्ति र दायित्व मूल्याङ्कन गर्न मान्यता प्राप्त मूल्याङ्कनकर्ता लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक तोक्ने लागायत मर्ज (गाभ्ने/गाभिने तथा प्राप्ति

गर्ने) हुन आवश्यक सम्पुर्ण प्रक्रिया अवलम्बन गर्न संचालक समितिलाई सम्पुर्ण अख्तियारी प्रदान गर्ने निर्णय सभामा उपस्थित शेयरधनीहरुबाट सर्वसम्मतिले पारित गरियो ।

**२.५ प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गर्ने र सो कार्य सम्पन्न गर्न संचालक समितिलाई आवश्यक सम्पूर्ण अधिकार प्रत्यायोजन गर्ने बारे । संसोधित प्रवन्धपत्र तथा नियमावली अभिलेख वा स्वीकृत गर्ने निकायबाट कुनै फेरबदल गर्न निर्देशन प्राप्त भएमा सो अनुसार फेरबदल गर्न संचालक समितिलाई पुर्ण अख्तियारी प्रदान गर्ने बारे ।**

उपरोक्त विशेष प्रस्ताव निर्णयार्थ पेश हुँदा प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गर्ने र सो कार्य सम्पन्न गर्न संचालक समितिलाई आवश्यक सम्पूर्ण अधिकार प्रत्यायोजन गर्ने तथा संसोधित प्रवन्धपत्र तथा नियमावली अभिलेख वा स्वीकृत गर्ने निकायबाट कुनै फेरबदल गर्न निर्देशन प्राप्त भएमा सो अनुसार फेरबदल गर्न संचालक समितिलाई पुर्ण अख्तियारी प्रदान गर्ने निर्णय सभामा उपस्थित शेयरधनीहरुबाट सर्वसम्मतिले पारित गरियो ।

## १०. धन्यवाद ज्ञापन

कम्पनीको १७औं तथा १८ औं वार्षिक साधारण सभाको सम्पुर्ण विषयहरुमा छलफल भई आवश्यक निर्णय भएको र अन्य छलफलका विषय नभएकोले अध्यक्षज्यूले सभामा उपस्थित हुनु भई आ-आफ्ना प्रश्न, जिज्ञासा, मन्तव्य तथा सुझावहरु व्यक्त गरी १७औं तथा १८औं वार्षिक साधारण सभा सम्पन्न गर्न सहयोग पुऱ्याउनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरु तथा आमन्त्रित महानुभावहरु सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

सुरज राजवाहक
कम्पनी सचिव

राजेन्द्र प्रसाद श्रेष्ठ
अध्यक्ष